**NH NONPROFIT EMERGENCY RELIEF FUND**
**A Fund of the Governor's Office for Emergency Relief and Recovery**

*Administered by the NH Center for Nonprofits, NH Charitable Foundation and NH Community Development Finance Authority*

# एन एच गैर-नाफामूलक आपतकालीन राहत कोष

## बारम्बार सोधिने प्रश्नहरू

### १. एन एच गैरनाफामूलक आपतकालीन राहत कोषको लागि रकम कहाँबाट आउँछ ?

यस कार्यक्रमको लागि संघीय CARES ऐन अन्तर्गत न्यु ह्याम्पशायर राज्यलाई दिइएको संघीय कोरोना भाइरस राहत कोष१.२५ बिलियन डलर बाट आएको रकम हो। आपतकालिन राहत तथा स्वास्थ्यलाभका लागि गभर्नरको कार्यालय (GOFERR) ले संघीय र राज्य आवश्यकताहरू अनुरूप राज्यको तर्फबाट यस अनुदान कार्यक्रमको विकास र प्रबन्धमा सहायताको लागि गैर–नाफामूलक संस्थाहरूका लागि न्यु ह्याम्पशायर केन्द्र, न्यु ह्याम्पशायरपरोपकार संस्थान र सामुदायिक विकास वित्तप्राधिकरणसँग सम्झौता गरेको छ।

### २. मेरो संगठनले यस वित्त व्यवस्थाकोलागि कसरी आवेदन दिन्छ?

सबै आवेदनहरू न्यु ह्याम्पशायर परोपकार संस्थानको अनलाइन अनुदान पोर्टल, GrantSource (https://nhcf.smartsimple.com/s_Login.jsp) मार्फत प्रक्रिया गरिनेछ। यस आवेदनमा पहुँचको लागि पहिलो चरण भनेको संगठनात्मक प्रोफाइल अद्यावधिक वा सिर्जना गर्नु हो।

### ३. कति राहत रकम दिइनेछ?

GOFERR ले यस एन एच गैर-नाफामूलक आपातकालीन राहत कोषको लागि ६० मिलियन डलर छुट्याएको छ।

### ४. आवेदन दिनको लागि को योग्य हुन्छ ?

आवेदकहरू ५०१ (सी) (३) मा दर्ता गरिएका परोपकारी संगठनहरूहुनुपर्छ; र तिनीहरू CARES ऐन को कानून अनुरूपहुनुपर्छ, साथै उनीहरूले कोभिड-१९ (COVID-19) सार्वजनिक स्वास्थ्य आपतकालको कारणले गर्दा मार्च १ देखि डिसेम्बर ३०, २०२० सम्ममा अत्यावश्यक कुराको लागि खर्च र/वा नोक्सानहरू व्यहोरेको वा व्यहोर्ने भन्दै देखाउनुपर्दछ। थप योग्यता विवरणहरू तल व्याख्या गरिएका छन्:

### ५. मेरो संगठन कति राहत रकमको लागि आवेदन दिन योग्य छ ?

तपाईंको संगठन मार्च १, २०२० बाट डिसेम्बर ३०, २०२० को अवधिमा कोभिड–१९ (COVID–19) को कारण व्यहोरेका सबै वास्तविक खर्च/नोक्सानहरू र अनुमानित भावी खर्च /नोक्सानहरूको बराबर रकम, प्राप्त गरिएका

वा तपाईंले यी समान आवश्यकता/खर्चहरू पूर्ति गर्नको लागि प्राप्त गर्न पूर्वानुमान गर्ने अन्य कुनै पनि संघीय आपतकालीन ऋण वा अनुदान रकम भन्दा कमको लागि अनुरोध गर्न योग्य छ । राहत कोषको ठूलो आवश्यकताको कारण, यो एन एच गैर-नाफामूलक आपातकालीन राहत कोषले क्षेत्रको आवश्यकताको१०० प्रतिशत पूर्ति गर्नेछैन।

## ६. कोभिड-१९ (COVID-19) को कारणले खर्च र/वा नोक्सानकोरूपमा के-के गणना हुन्छन ?

यो राहत कोषको लागि सार्वजनिक स्वास्थ्य आपतकालिनको कारण भएका खर्च वा नोक्सानहरूको एक व्यापक दायरा योग्य हुन सक्छ। उदाहरणहरूमा निम्न समावेश हुन्छन्तर त्यतिमा मात्र सीमित छैनन्:

<u>खर्चहरू:</u>

* सेनिटाइज गर्ने उत्पादनहरू र व्यक्तिगत सुरक्षात्मक उपकरण सहितका चिकित्सा र सुरक्षात्मक आपूर्तिहरूको अधिग्रहण रवितरणको लागि खर्चहरू

* सुविधास्थलहरूमा सरसफाई गर्न र कीटाणुरहित बनाउनको लागि खर्चहरू

* व्यक्तिलाई अलग राखेर उपचार गराउने खर्चहरू।

* सार्वजनिक स्वास्थ्य आपतकालको कारण आय नोक्सानद्वाराप्रत्यक्ष रूपमा प्रभाव पारेका व्यक्ति र परिवारहरूलाई प्रदान गरिएका आपतकालीन वित्तीय सहायता

* सार्वजनिक स्वास्थ्य पूर्वसावधानीहरू पालना गर्न सक्षम बनाउनको लागि कमजोर तथा स्वास्थ्य जोखिममा भएका निवासीहरूलाई खाना वितरणको लागि लाग्ने खर्चहरू

*वर्धित प्रत्यक्ष हेरचाहका आवश्यकताहरूलाई सम्बोधन गर्न वा स्वयंसेवकहरूलाईप्रतिस्थापन गर्न अतिरिक्त कर्मचारीकोघण्टाको लागत जुन सार्वजनिक स्वास्थ्य आपतकालिनको कारण उपलब्ध छैन

* टेली वर्क क्षमता वृद्धि, वा अन्य उपकरणहरू वा समर्थनको लागि आपूर्ति गर्न र सामाजिक दूरी सम्बन्धित अभ्यास परिवर्तनको लागि उपकरणहरूको लागि खर्च र सेवा डेलिभरी।

* सार्वजनिक स्वास्थ्य आपतकालिन अवस्था मा भाइरसको फैलाव कम गर्नको लागि पूँजी सुधारका परियोजनाहरू विशेष रूपमा लागु गर्दा हुने खर्च।

<u>खुदनोक्सान:</u>

* चालु तथा प्रस्तावित कार्यक्रमहरूको लागि अर्थ सङ्कलन सम्बन्धीआयोजनाहरूलाई घरमै बस्ने आदेशका कारण रद्द गर्नुपर्दा भएको नोक्सान।

* कम कमाई भएको कारण खुद नोक्सान(उदाहरण: टिकट बिक्री, सदस्यता) व्यापारमा भएको मन्दीको कारण वा घरमा-बस्ने आदेशको कारण वा सामाजिक दूरी प्रचार गर्नको लागि

* सार्वजनिक स्वास्थ्य आपतकालीन समयमा वस्तुवा सेवाको सार्वजनिक माग कम भएको कारण नोक्सानभएको अवस्थामा ।

## ७. मेरो संगठनले कोभिड-१९ (COVID-19) सँग सम्बन्धित खर्च वा नोक्सानकसरी प्रदर्शन गर्न सक्छ ?

तपाईंको संगठनले कोभिड-१९ (COVID-19) सँग सम्बन्धित योग्य खर्च वा नोक्सानर्निधारण सुरु गर्नुभन्दा पहिले कृपया <u>यस पेज को समीक्षा गर्नुहोस्।</u> तपाईंले यो टेम्पलेट नै उपयोगमा ल्याउनुपर्छ भन्ने छैन, तर यसले खर्च वा नोक्सानको गणना वा अनुमान कसरी गर्ने भनेर एक राम्रो उदाहरण प्रस्तुत गर्दछ। यदि तपाईंलाई थप सहयोग

चाहिएमा, कृपया हाम्रा कुनै एक प्रतिनिधि / कर्मचारीसँग कुरा गर्नको लागि समय तालिकामा पहुँच गर्नुहोस्। हामी तपाईंलाइ मद्दत गर्न पाउँदा खुसी हुनेछौं।

## ८. के यो जो-पहिले-आयो-त्यसैले-पायो अन्तर्गतको कार्यक्रम हो ?

होइन। यो कार्यक्रम चाँडै आवेदन गर्नेलाई प्राथमिकता दिइने भन्ने खालको होइन । आवेदनपेश गर्ने समय अवधिभित्र प्राप्त भएका सबै अनुरोधहररूलाई समान रूपमा विचार गरिनेछ।

## ९. आवेदकहरूले कति रकम प्राप्त गर्न सक्दछन् ?

राहत रकम सबै आवेदकहरूद्वारा अनुरोध गरिएको कुल रकमको आकारमा निर्भर गर्दछ। हामीले कुल अनुरोधहरू ६० मिलियन डलर भन्दा बढी रकमको हुने आशा गरेका छौं जुन हाम्रा लागि उपलब्ध छ। यस अर्थमा यो धेरै सम्भव छ कि संगठनहरूले अनुरोध गरिएको रकम भन्दा कम प्राप्त गर्नेछन ।

## १०. कुन संस्थाले अनुदान रकम प्राप्त गर्ने भन्ने निर्णय कसले गर्छ ?

नाफामूलक संस्थाको लागि न्यू ह्याम्पशायर केन्द्र, न्यु ह्याम्पशायरपरोपकार संस्थान, र सामुदायिक विकास वित्तप्राधिकरणका प्रतिनिधिहरू सम्मिलित एक फण्डसमिति खडा गरिएको छ जसले राहत अनुदान निर्धारण गर्दछ । समितिको उक्त निर्णय GOFERR लाई पेश गरिने छ । त्यसपछि GOFERR ले न्यू ह्याम्पशायर राज्यको गवर्नरलाइ अन्तिम स्वीकृति को लागी पेश गर्ने छ ।

## ११. अनुदान रकम कसले वितरण गर्ने छन् ?

न्यू ह्याम्पशायर राज्यको कोषागारले अनुदान रकमसिधैँ गैर-नाफामूलक संस्थालाई प्रदान गर्नेछ।

## १२. यदि कुनै संगठनलाई अनुदान रकम दिइयो भने त्यस्तो अनुदान कुन उद्देश्यका लागि प्रयोग गर्न सकिन्छ?

हालको मार्गनिर्देशनको आधारमा, यदि राहत अनुदान दिइन्छ भने अनुदान प्राप्त गर्ने संस्थाले विगतका सम्बन्धित नोक्सानवा खर्चहरूको लागि अनुदान डलरलाई परिपूर्ति को रूपमा दिएको मात्र पर्ने छ । र उक्त काम संगठनको उद्देश्य प्राप्तिको लागि उपयुक्त थियो भन्ने मा पनि स्पष्ट हुनुपर्नेछ। यदि राहत कोष भविष्यको अनुमानित खर्चहरूको लागि प्रदान गरिएको हो भने ती खर्चहरूको लागि विशेष रूपमा प्रयोग गरिनुपर्ने छ ।

## १३. के अनुदानको रकम खर्च गर्नको लागी निश्चित समय सीमा छ ?

छ । CARES ऐनको भाषा अनुसार, अनुदान रकम डिसेम्बर ३०, २०२० भन्दा पहिले वा त्यस समय सीमा भित्र खर्च गर्न आवश्यक छ।

## १४. यी अनुदान रकमहरू कहिले वितरण गरिने छन्?

हामी अनुदान रकम जुलाईको अन्तिम साता वा अगस्टको सुरुमा वितरणहुने आशा गर्दछौं। राहत रकम निर्धारणविवरण GOFERR र गभर्नरलाई बुझाइनेछ र राज्यले अन्तिम अनुदान निर्णय लिनेछ। आवश्यक दर्ताहरूप्रमाणित हुनेछन् (तल हेर्नुहोस्) र राहत रकम जारी गर्नु अघि हस्ताक्षर गरिएको अनुदान सम्झौताको आवश्यक पर्नेछ।

## १५. यस कार्यक्रमको लागि आवेदन दिन को अयोग्य छ?

निम्न संगठनहरू यस कोषको लागि आवेदन दिन योग्य छैनन्:

* ती अन्य संगठनहरू जस्ले GOFERR- अनुमोदित कोष अन्तर्गत प्राथमिक राहतका लागि योग्यता प्राप्त गरिसकेका छन्, विशेषगरी नया ह्याम्प्शैर बाल्बालिका हेरचाह कोष र स्वास्थ्य सेवा राहत कोष।
* नाफामुखी संस्थाहरू
* ती संगठनहररू जो ५०१ (च) (४) वा ५०१ (च) (६) अन्तर्गत दर्ता भएका छन्।
* स्कुलहरू (कक्षा १ देखि १२) - चार्टर, निजी तथा सार्वजनिक सलहरू।
* नगरपालिका, नगरपालिका उपविभाग वा अन्य सरकारी निकायहरू।
* कलेज वा विश्वविद्यालयहरू।
* सहयोगी बसोबास तथा रिटायरमेन्ट समुदायहरू
* संस्थानहरू
* व्यापार संघहरू
* क्रेडिट युनियनहरू
* बीमा समिति तथा ट्रस्टहरू
* छात्रवृत्ति तथा कोष कार्यक्रमहरू पूर्ण रूपमा अवस्थित र प्रबन्ध गर्ने संस्थाहरू
* कन्ट्री क्लब, गोल्फ क्लब तथा अन्य निजी क्लबहरू
* कब्रिस्तान सम्बन्धी ट्रस्ट र संघहरू
* भ्रातृ संगठनहरू

## १६. यस कोषको उद्देश्यको लागि तीकुन "स्वास्थ्य सेवा संगठनहरू" हुन् जो आवेदनका लागि योग्य छैनन्?

त्यस्ता नाफामूलक स्वास्थ्य संस्था जसले क्लिनिकल स्वास्थ्य सेवा उपचार र सेवाहरू दिए बापत रकम असुल गर्छन् तिनीहरू एन एच आपातकालीन राहत कोषको लागि योग्य हुँदैनन् त्यस्ता गैर- नाफामूमुलक स्वास्थ्य संस्था जसले क्लिनिकल स्वास्थ्य सेवा उपचार र सेवाहरू दिए बापत रकम असुल गर्दैनन् तिनीहरू एन एच आपातकालीन राहत कोषको लागि योग्य हुन्छन् ।

**१७ के हुन्छ यदि मेरो संगठन अन्य GOFERR- अनुमोदित CARES ऐन अनुरूप राहत कोषको लागि आवेदन गर्न हाम्रा बृहद कार्यक्रमहरू मध्ये एक सानो भागको लागि मात्र योग्य छ भने ?**

हामी बुझ्छौं केही गैर-नाफामूलक कार्यक्रम सञ्चालनगर्ने संस्थाहरूले सेवाहरूको एक व्यापक दायरानै प्रदान गर्दछन् । यदि एक संगठनले ती कार्यक्रमहरूको लागि महत्त्वपूर्ण खर्च वा नोक्सानहरूको अनुभव गरेको छ जो GOFERR- अनुमोदित कोषहरूको लागि आवेदन गर्न योग्य छैन भने त्यसले NH मा आवेदन दिन सक्छ । यस कार्यको अंशहरूको लागि गैरनाफामूलक आपतकालीन राहत कोष जो अन्यको लागि योग्य छैन । आवेदन दिँदा GOFERR ले योग्य हुनको लागि तोकेका काम र सेवाहरू छुट्याएर पेश गर्नुपर्छ कि एनएच बाल देखभाल राहत कोष, स्वास्थ्य सेवा राहत कोष वा अन्य GOFERR- अनुमोदित कार्यक्रमहरू।

**१८. के विश्वासमा आधारित वा धार्मिक संस्थाहरूले यो कोषका लागि आवेदन दिन सक्छन् ?**

धार्मिक संगठनहरूले विश्वास, सम्बद्धता, धार्मिक अभ्यासको पर्वाह नगरी कुनै पूर्वाग्रह बिना सर्वसाधारणलाई सेवा प्रदान गर्न राजि हुन्छन् भने त्यस्ता कार्यका लागि आवेदन गर्न पूर्ण रूपमा योग्य हुन्छन्। उदाहरणको लागि यदि कुनै चर्चले आफ्ना सदस्यलाइ मात्रै नभनी, आवश्यक परेका सबैका लागि खाद्यान्न पेन्ट्री चलाउँदछ भने त्यस्तो संस्था यस राहत रकमका लागि योग्य हुन्छ । यस्तो अवस्थामा उक्त संस्थाले खाद्यान्न पेन्ट्री सञ्चालनको खर्चका लागि आवेदनदिन सक्छ तर उसले चर्चका अरू गतिविधि समेट्ने गरि भने आवेदनदिन सक्दैन ।

**१९. मेरो संगठनको मुख्यालय न्युहेम्पशायर भन्दा बाहिर छ भने के हुन्छ? यदि हाम्रो मुख्यालय न्युहेम्पशायरमा छ, तर हामी अन्य राज्यहरूमा पनि काम गर्दछौं भने के हुन्छ ?**

यो राहत कोष ती संगठनहरूलाई मात्र उपलब्ध हुन्छ जसको कार्यालय न्यू हेम्पशायरमा छ, जसका कर्मचारीले न्यू हेम्पशायर राज्यमा तलब बुज्दछन्, उनीहरूका कार्यक्षेत्रयसै राज्यमा छन् र राहत सेवाको काम पनि यसै राज्यमा हुन्छ। त्यसैले आवेदन दिँदा यस राज्यमा काम गर्ने भनीदिनु पर्छ। धैरै राज्यहरूमा सेवा पुऱ्याएकासंगठनहरूले यस राज्यका लागि काम गर्न आवेदन दिँदा यस राज्यमा गर्ने/गरेका वित्तीय गतिविधिहरूको लेखा जोखा अलगै राख्नु पर्छ।

**२०. यदि मेरो संगठन स्ट्यान्ड अलोन ५०१ (c) (३)) होइन र वित्तीय प्रायोजकमा निर्भर गर्दछ भने के हामी त्यस अवस्थामा आवेदन पेश गर्न योग्य हुन्छौं?**

जबकि केवल ५०१ (c) (३) संगठनहरू न्यू हेम्पशायर गैर-नाफामूलक आपतकालीन राहत कोषको लागि आवेदन गर्न योग्य छन्, हामी बुझ्छौं कि त्यहाँ केही ५०१ (c) (३) संगठनहरू छन् जसले एक वा अधिक सामुदायिक समूहका लागि वित्तीय एजेन्टका रूपमा काम गर्दछन्। त्यसैले ५०१ (c) (३) होस्ट संगठनले आफ्नो लागि मात्र काम गर्ने गरि आवेदनपेश गर्न सक्दछ। यदि अर्को सामुदायिक समूहको लागि एजेन्टको रूपमा काम गर्ने हो भने त्यसै व्यहोराको फेरि अर्को आवेदनपेश गर्नुपर्छ। यदि तपाईंसँग यसबारे प्रश्नहरू छन् वा यसबारे थप कुरा गर्न चाहनुहुन्छ भने, कृपया हामीलाई इमेल पठाउनुहोस्: nerf@nhcf.org

**२१. यदि मेरो संस्थाले पीपीपी (पेमेन्ट प्रोटेक्सन प्लान) ऋण वा अन्य संघीय कोषहरू प्राप्त गरेको छ वा अन्य संघीय कोष प्राप्त गर्ने आशा गर्दछ भने के हुन्छ? के म त्यस अवस्थामा पनि आवेदन दिन योग्य छु?**

हुनुहुन्छ, यद्यपि तपाईंले संघीय कोषबाट आपतकालीन राहत स्वरूप कति रकम प्राप्त गर्नुभयो वा कति प्राप्त गर्दै हुनुहुन्छ भनी विस्तृतमा सोध्न सकिन्छ। एक कामको लागि दोहोरो पटक रकम प्राप्त हुन्न वा भनौ त्यहाँ कुनै "डबल डुबकी" छैन। संघिय कोषले आवश्यकता भन्दा कम रकम दिएको भए बाँकीरकम यस कोषबाट पूर्ति हुन्छ।

**२२. यदि मेरो संस्थाले अन्य संघीय कोषहरूको लागि आवेदन दिएको छ र उक्त आवेदनविचाराधीन छ, साथै हामीलाइ अहिलेसम्म थाहा छैन कि हामी कति संघीय कोष प्राप्त गर्न सक्छौं ?**

CARES ऐन र सम्बन्धित संघीय निर्देशिका अनुसार, कुनै पनि संघीय कार्यक्रममा सहभागी भएर खर्चहरू भएको छ वा हुनेछ भने त्यसको हिसाब किताब संघीय कार्यक्रमलाइ नै बुझाउनु पर्छ। संघीय कार्यक्रम मा भाग लिएर रकम पुगेन भने, त्यसलाई तिर्न यो कार्यक्रम मार्फत रकम असुली गर्न पाइदैन। यदि तपाईंको संस्थाले यस कार्यक्रममा भाग लियो र राहत रकम प्राप्त गर्‍योअनि पछि एकै प्रयोजन का लागि संघीय राहत कोषबाट पनि रकम प्राप्त गर्‍योभने कुनै एक काम को लागि दुवै तर्फ बाट रकम लिन नमिल्ने भएकोले डुप्लिकेट रकम फिर्ता गर्नुपर्छ।

**२३. यी कोषहरूको प्रापकको रूपमा कस्तो प्रकारको रिपोर्टिङ आवाश्यक हुन्छ?**

परोपकारी संस्थाको लागि कुनै रिपोर्टिङ आवश्यकता पर्दैन। राज्यले अझै यसलाई कसरी व्यस्थित गर्ने भन्ने बारेमा अन्तिम रूप दिँदैछ। तर प्रापकहरूले GOFERR लाई जनवरी १५, २०२१ भित्र मार्च १, २०२० देखि डिसेम्बर ३०, २०२० सम्ममा भएका खुद खर्च वा खुद नोक्सा सम्बन्धी प्रतिवेदन बुझाउनु आवश्यक पर्दछ। खर्च र नोक्सानभएको प्रमाण स्वरूप रसिद, बिल र अन्य समान कागजात वा लेखा अभिलेखहरू भविष्यमा राज्य अडिटको अंगको रूपमा राज्यद्वारा अनुरोध हुन सक्छ । यस सन्दर्भमा, राज्यबाट प्राप्त रकम भन्दा कम खर्च वा नोक्सान भएको कुरा लेखा परीक्षणमा देखिएमा अधिक अनुदान रकम राज्यद्वारा प्रतिपूर्तिका लागि माग हुन सक्छ।

**२४. आवेदकहरूलाई राहत अनुदान प्रदान गर्नको लागि कस्तो मापदण्ड प्रयोग गरिनेछ? साथै, आवेदकहरूले कति राहत रकम प्राप्त गर्नेछन् ?**

सबैभन्दा पहिले आवेदनहरू आधारभूत कार्यक्रमले माग गरे अनुरूप योग्यताको रूपमा मूल्याङ्कन गरिनेछ साथै उनीहरूले CARES ऐन अन्तर्गत खर्च र / वा नोक्सानको कागजात तयार गरि पेश गरेका छन् वा छैनन् त्यो पनि हेरिनेछ। यस कार्यक्रमले गैरनाफामूलक संस्थालाई उनीहरूको कार्यक्रम क्षेत्रहरूको एक व्यापक दायरा (मानव सेवा, युवा, कला, वातावरण, नागरिक संलग्नता,आदि) हेरी रकम प्रदान गर्दछ। राहत रकम प्रदान गर्दा कोषमा रहेको कुल रकमलाइ आवेदन परेको रकमसँगमूल्याङ्कन गरिनेछ र निम्न मापदण्डलाई पनि ध्यानमा राखिने छ:

* संगठनद्वारा सेवा प्रदान हुने जनसंख्या
* संगठनले सेवा दिएका समुदायहरू
* संगठनको उपलब्धि र प्रभावको रेकर्ड
* समुदायको माग संगठनले पूरा गर्न सक्छ/सक्दैन

तथापि केही प्राथमिकता त्यस्ता गैरनाफामूलक संस्थाहरूलाई दिइनेछ जसले जोखिममा रहेका, न्यून आयस्रोत भएका तथा विशेष आवश्यकता भएका समुदायलाई सहयोग गर्ने वाचा आवेदन मा उल्लेख गरेका छन्। त्यस्ता गैरनाफामूलक संस्थाहरूलाई पनि राहत रकमका लागि उच्च प्राथमकितामा राखिनेछ जसले विगतमा भएका

विपतका समयमा एकदम राम्रो काम गरेर समुदायमा सेवा पुऱ्याएकाछन्। यद्यपिहामी सबै गैरनाफामूलक संस्थाहरू जसले कोरोना भाइरस रोगलाई नियन्त्रणमा ल्याउन र जन समुदायलाई सेवा प्रदान गर्न पहल गरे बापत प्रमाण सहित राहत रकम प्राप्त गर्नको लागि आवेदन गर्नु हुन अनुरोध गर्छौं।

## २५. के यस अनुदान कार्यक्रमका लागि वित्तीय लेखा परीक्षण आवश्यक छ?

यस कार्यक्रममा आवेदन गर्नको लागि कुनै वित्तीय लेखा परीक्षणको आवश्यकता पर्दैन। यद्यपि, ती गैर–नाफामूलक संस्थाहरू जसले कुनै एक आर्थिक वर्षमा संघीय तथा राज्यका कोषबाट विभिन्न कार्यक्रमका लागि (संघीय CARES ऐन तथा एन एच गैरनाफामूलक आपतकालीन राहत कोष समेत सम्मिलित) ७५०,००० डलर भन्दा बढी रकम प्राप्त गर्छन् र खर्च गर्छन् भने त्यस्ता संस्था हरूको संघीय एकल लेखा परीक्षण हुन्छ। यस बारेमा अधिक जानकारी राख्नुहोस्।

## २६. यदि मेरो आवेदनको बारेमा मलाई प्रश्न गर्नु पऱ्योभने मैले कसलाई कल गर्न सक्छु?

कुनै पनि प्रश्नको जवाफको लागि nerf@nhcf.org मा इमेल गर्नुहोस् – कृपया तपाईंको सम्पर्क जानकारी समावेश गर्नुहोस्। विषय पङ्क्तिमातपाईंको संगठनको नाम लेख्नुहोस्।